म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २६९ आइतबार २५ बैशाख २०७९ सप्तमी ने. सं. ११४२ चिल्लाथ्व 8 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस साझाकुरा राष्ट्रिय दैनिकको लागि बजार प्रतिनिधि आवश्यक परेकाले ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

०५७-५२१११५,

साझाकुरा राष्ट्रिय दैनिक

# उम्मेदवारसँग वनकरिया र चेपाङलाई लालपूर्जाको आश

साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ मकवानपुरको मनहरी गाउँपालिका-४ वनकरिया बस्तीकी ६७ वर्षीया गोमा वनकरियाले दैनिक विभिन्न राजनीतिक दलका नेता तथा उम्मेदवारहरु भेटिरहेकी छिन् ।

स्थानीय तहको निर्वाचनमा आफूलाई जिताउन आग्रह गर्दै उनको घरमै भेट्न जानेहरुको भीड नै लाग्छ । भोट माग्न आउने उम्मेदवारसँग उनी लालपुर्जाको आश गर्छिन् । उनलाई मत माग्न आउनेले लालपुर्जा ल्याइदिए पनि हुने भन्ने लाग्छ । उनले आफूसँग भोट माग्न आउनेसँग सुरक्षित र स्थायी बसोबास मागेको बताउँछिन् । गोमाले पछिल्लो केहिदिन यता दिनँहु भेटिरहेको उम्मेदवारहरुले उनलाई लालपुर्जा दिलाउने आश्वासन दिइरहेका छन् । तर, उनी विश्वस्त हुन नसकेको बताउँछिन् ।

करिव दुई दशकदेखि उक्त क्षेत्रमा बस्दै आएकी उनलाई कतिबेला सो ठाउँ छोड्नुपर्ने हो, भन्ने चिन्ता लागिरहन्छ । चितवन राष्ट्रिय निकुञ्जको जंगलमा सानो घर बनाएर बसिरहेकी उनलाई निकुञ्जले उठीबास लगाउने हो कि भन्ने पीर लाग्ने गरेको बताइन् । 'यो जग्गा हाम्रो होइन । हामीलाई सरकारले ओडारबाट ल्याएर यहाँ राखेको हो । तर, अहिलेसम्म हामीले जग्गाधनीको लालपूर्जा पाएका छैनौँ, उनले भनिन् 'आफ्नो नाममा जग्गा नहुँदा हामीले सुरक्षित महशुस गरेर बस्न पाएनौँ ।'

जंगली जनावरको जोखिम मोलेर जंगल क्षेत्रमा नै बस्दै आए पनि उनले अघिल्लो निर्वाचनमा पनि लालपुर्जा दिलाइदिन्छौँ भनेकालाई नै भोट हालेकी थिइन् । तर, उनले भोट हालेर जितेर गएकालाई लालपूर्जा नदिएको उनको दुखेसो गरिन् ।

'जितेर गएपछि उनीहरु ठूलो मान्छे भइहाल्छन् । हामीलाई सुरक्षित रुपमा बस्नको लागि लालपुर्जा दिनुपर्छ,' उनले भनिन् । वनकरिया सधैँ अरुलाई जिताउनको लागि मात्रै नभएको उनले बताइन् । २६ वर्षीया सुस्मिता वनकरिया पनि आफूहरुलाई जग्गाधनीको लालपुर्जा दिनेलाई मात्रै मत दिने बताउँछिन् ।

'हामीलाई अरु ठाउँमा साछौँ भनेर पनि हुँदैन । वर्षौंदेखि यहीँ बस्दै आएका हामीलाई यहीँको लालपुर्जा दिनुपर्छ, यो ठाउँ छोडेर हामी अन्त जान सक्दैनौँ,' उनले भनिन् । उनले वनकरियाहरु विभिन्न अभावको बीचमा असुरक्षित र अस्थायी बासस्थानमा बस्दै आएको बताइन् ।

आफूहरु बसिरहेको स्थान मात्रै आफ्नो नाममा भएपनि वनकरियालाई ठूलो राहत पुग्ने उनको भनाई छ । 'सबैले लालपुर्जा दिलाइदिन्छौँ त भन्नुहुन्छ तर, कसरी विश्वास गर्ने ? अघिल्लो चुनावमा पनि त्यस्तै भनेकाहरूले जितेपछि केही गरेका होइनन्,' निराश हुँदै उनले भनिन् । चेपाङबस्तीकी राममाया प्रजालाई भने अब जग्गाधनीको लालपुर्जा पाइन्छ भन्ने आश नै लाग्न छोडिसक्यो ।

वर्षौंनी मत माग्न आउनेहरुले दिएको आश्वासन पूरा नभएपछि उनलाई अब जग्गाधनीको लालपुर्जा पाइन्छ भन्ने आश लाग्न छोडेको बताउँछिन् । तर, भोट माग्न आउनेहरुसँग उनले एउटा अपेक्षा भने राखेको बताउँछिन् । 'लालपुर्जा पाउँछु भन्ने त मलाई आश नै लाग्न छोडिसक्यो बरु निशुल्क



रुपमा पढ्न पाउने व्यवस्था चाहीँ गरिदिनुपर्‍यो', उनले गुनासो गरिन् । ८ वटा सन्तान भएकी उनलाई छोराछोरीले राम्ररी पढ्न नपाएको दुख लाग्ने गरेको बताइन् । गाउँमा नजिकै स्कुल नहुनु र टाढा गएर पनि पढ्न सक्ने अवस्था नहुनुले गर्दा चिन्तित भएकी उनी निशुल्क रुपमा पढ्ने व्यवस्था गरिदिनेलाई मत दिने बताउँछिन् । आफूले नपढेको कारण रोजगारी नपाएको र गरिबीमा बस्नु परेको उनको भनाई छ ।

'हामीले पढ्न नपाउँदा जागिर खान सकेनौँ, त्यसैले गरिब भएर बाँच्नु पर्‍यो । छोराछोरीलाई पढाउन पाए हामीले जस्तो भोग्नु पर्दैनथ्यो होला । म त भोट माग्न आउनेहरुसँग म नि:शुल्क शिक्षा माग्छु,' उनले थपिन् ।

वनकरिया र चेपाङहरुलाई लालपूर्जा दिलाउन आफूहरुले पहल गरेको भएपनि सफल हुन नसकेको मनहरी गाउँपालिकाका निवर्तमान अध्यक्ष एकराज उप्रेतीको भनाई छ । उनले उक्त समुदायको बासस्थानलाई स्थायी बनाउन पहल गरेको भएपनि विभिन्न कारणले सम्भव नभएको बताए ।




## चौकीटोलमा गठबन्धनको घरदैलो

हेटौंडा, २४ वैशाख/ सत्ता साझेदार गठबन्धन आसन्न स्थानीय तहको निर्वाचनका लागि घरदैलो अभियानमा व्यस्त छन् ।

हेटौंडा उपमहानगर पालिकाको प्रत्येक वडामा गठबन्धनका उम्मेदवारहरुले घरदैलो अभियानलाई तीव्रता दिएका छन् । अभियानअन्तर्गत् शनिवार १ नम्बर वडास्थित चौकीटोलमा गठबन्धनका मेयर र उपमेयरसहित वडा अध्यक्ष र सदस्यका उम्मेदवारहरुले घरदैलो गरेका छन् ।

गठबन्धनबाट हेटौंडाको मेयर उम्मेदवार मिनाकुमारी लामा, उपमेयरका उम्मेदवार राजेश बानियाँ, १ नम्बर वडाका उम्मेदवार सबिन न्यौपाने र वडा सदस्यका उम्मेदवारहरूले मतदातासँग निर्वाचनमा जिताउनका लागि अपिल गरेका छन् ।

गठबन्धनका उम्मेदवारले नगर समृद्ध बनाउने परिकल्पनासहित निर्वाचनमा होमिएको बताउँदै मतको कदर गर्ने मतदातासँग प्रतिबद्धता जनाएका छन् । उपमहानगर पालिकाको भौतिक पूर्वाधार, आर्थिक र सामाजिक क्षेत्रमा परिवर्तन ल्याउन गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गरिएको हो ।

उनीहरुले गठबन्धनको जीत नै हेटौंडाबासीको हित भएको जीकिर गरेका छन् । हेटौंडा-१ मा संयुक्त गठबन्धनको तर्फबाट सविन न्यौपाने उम्मेदवार छन् । उनी यसअघि पनि अत्याधिक बहुमतले निर्वाचित भएका थिए ।









साझाकुरा

## हाम्रो कुरा

# गौरीटार रंगशाला मकवानपुर विकासको आधार

गौरीटार रंगशाला वर्षौं बितिसक्दा पनि अझै निर्माणाधीन अवस्थामा नै हुनु भनेको आफैंमा एउटा दु:खको कुरा हो । राष्ट्रिय खेलकुद परिषद्ले अलपत्र छोडेको रंगशाला निर्माणमा वागमती प्रदेश सरकारले तदारुकता देखाए पनि निर्माण कार्यले भने अझै गति लिन सकेको छैन । प्रदेश सरकार गठन भएसंगै प्रदेशमातहत ल्याउने र भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिने घोषणा गरिएको थियो । तर, चार वर्षमा पनि रंगशालामा प्रदेश सरकारले कुनैपनि चमत्कारी देखाउन सकेन । रगंशाला निर्माण कार्यलाई बागमती प्रदेशका हालसम्मका तीन वटा मुख्यमन्त्रीले अवलोकन गरेपनि कामले गति लिन नसक्नु चिन्ताको विषय हो ।

गौरीटार रंगशाला बन्नु भनेको सिङ्गो मकवानपुरबासीको गौरबको कुरा हो । जसले गर्दा मकवानपुरबासीको आर्थिक, सामाजिक, पर्यटकीय क्षेत्रमा टेवा पुग्नु स्वभाविक हो । फुटबल रंगशालामात्रै निर्माण गर्न ९० करोड रुपियाँ लागत अनुमान गरिएको छ । रंगशाला स्थलमा १९ वटा खेलकुद संरचना बनाउने योजना छ । तर, प्रदेश सरकारले रंगशाला निर्माणका लागि विनियोजन गरेको बजेट र भएको कामको गतिलाई हेर्दा गौरीटार रंगशालाले कहिले पूर्णता पाउन भन्ने यकिन गर्न सक्ने अवस्था छैन । ५ वर्षमा निर्माण सम्पन्न गर्ने भनिएको यो रंगशाला तोकिएको समयमा निर्माण सम्पन्न हुने सम्भावना देखिँदैन । स्थानीयहरु पनि वर्षौं बितिसक्दा पनि अझै निर्माण कार्यले गति नलिँदा अकमक्क छन् ।

गौरीटारमा हाल कभर्ड हल, पौडी पोखरी, महिला तथा पुरुषको छुट्टाछुट्टै आवास कक्ष, रिक्रियएसन कक्ष, औषधोपचार कक्ष र प्रशासनिक भवन निर्माण गरिने बताइएको छ । ठेकेदार पक्षको ढिलासुस्तीका कारण फुटबल मैदान तथा एथ्लेटिक्सतर्फको फिल्ड एण्ड ट्रयाकले आकार लिए पनि काम अझै पूर्ण भएको छैन । प्रदेश सरकारले करिब ९० करोड रुपियाँबराबरको फुटबल रंगशालामात्रै निर्माण गर्ने गरी बिस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरेको छ । यो डीपीआर अनुसार योजना सम्पन्न गर्ने साँच्चिकै इच्छाशक्ति हो भने सरकारले यसैवर्ष पर्याप्त बजेट विनियोजन गरेर काम सम्पन्न गर्नुपर्छ । गौरीटार रंगशाला खेलकुद क्षेत्रको विकासमात्रै नभएर मकवानपुर जिल्लालाई देशविदेशमा चिनाउने संरचना पनि भएकोले यसमा मकवानपुरे नेताहरुले विशेष चासो दिनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५[illegible] |
| अपाङ्ग बाल अस्पताल | ९८४५२[illegible] |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख २६ गते सोमबार ९ मे २०२२ । वैशाख कृष्ण सप्तमी । चौलाथ्व सप्तमी ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तबाट चिन्ता | तुला | : आर्थिक सिद्धि |
| वृष | : इष्ट सिद्धि | वृश्चिक | : कार्य सिद्धिमा विलम्ब |
| मिथुन | : मित्रबर्गबाट धोका | धनु | : परिवारमा कलह |
| कर्कट | : सम्पत्ति सम्बन्धी विवाद | मकर | : यात्रामा बाधा |
| सिंह | : न्यायिक कार्यमा सफलता | कुम्भ | : अपजस पाइने |
| कन्या | : कार्यगत उतारचढाव | मीन | : बौद्धिक कार्यमा वाधा |

# चुनावको मुखमा राहदानी लिन लाइनमा उभ्याइएका नेपालीको कथा



सुदर्शन खतिवडा

३० मार्च २०२१ मा मेरो राहदानीको म्याद सकियो । कोभिड-१९ महाव्याधिले यसबीचमा राहदानीको सम्झना पनि आएन । महाव्याधि केही खुकुलो भएपछि विद्युतीय राहदानी बनाउनुपर्ने काम आइलाग्यो । नयाँ राहदानी बनाउने काम राष्ट्रिय परिचयपत्र बनाउने कामबाट सुरु हुँदो रहेछ । सबै विवरणसहित अनलाइन फर्म भरेँ, तर मिति र समय लिन सकिनँ ।

यसका लागि छुट्याइएको 'अप्सन'ले काम गरेन । मिति चयन गर्न सकिएन । पछि बुझ्दै जाँदा थाहा भयो- तिथि-मिति सबै प्रशासन अगाडि 'सशुल्क सेवा' दिइरहेका साइबर सञ्चालकहरूले बुक गरिसकेका हुँदा रहेछन् । जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा केही घण्टा लाइन बसेर समस्याबारे बुझ्न चाहेँ । रुखासुखा बोलीमा 'साइबरमा गएर अनलाइन फर्म भरेर डेट लिन' भनियो ।

साइबरमा कैयौं गुणा बढी शुल्क असुलिँदो रहेछ । निरीह नागरिकहरू खुरुखुरु रकम तिरिरहेका भेटिए । प्रशासनमा मात्र होइन, साइबरमा पनि लाइन बस्नुपर्ने अवस्था रहेछ । मैले सहकर्मी गौरव पोखरेलको सहयोगमा सिंहदरबार भित्रको पञ्जीकरण विभागमा झण्डै पाँच घण्टा बिताएर राष्ट्रिय परिचय पत्र नम्बर लिएँ । राहदानीका लागि परिचयपत्र नै नचाहिने र नम्बरले काम चल्ने रहेछ ।

म युद्ध जितेको सिपाहीजस्तै हर्षले छाती फुलाउँदै राष्ट्रिय परिचयपत्र नम्बर लिएर अफिस फर्किए । अफिसमा दिने समय मैले सरकारको कमजोर व्यवस्थापनका लागि खर्चिएँ । वैदेशिक रोजगारीमा जान राहदानी बनाउन दोस्रोपटक प्रयास गर्दै गरेका एक युवक भन्छन्, आफ्नै देशमा त यस्तो खप्की खानुपर्छ । हामीलाई विदेशीले कस्तो व्यवहार गर्लान् ?'

अब सुरु भयो राहदानी लिने प्रक्रिया । राष्ट्रिय परिचयपत्रका लागि जस्तै अनलाइन फर्म भरेँ । समस्या उही देखियो, इन्रोलमेन्टका लागि तीन महिनायता मिति नै देखाउँदैन । फरक फरक समयमा दर्जनौंपटक प्रयास गरेँ, अहँ सम्भव भएन । राहदानी विभाग र जिल्ला प्रशासन कार्यालयहरूका सूचना/जानकारी पढेँ । मूल समस्याबारे केही जानकारी भेटिएन । राहदानी विभागका डाइरेक्टर जनरल डोरनाथ अर्यालको हँसिलो तस्बिरमुनि इमेल आइडी रहेछ । प्रवक्ता शरदराज अरनको पनि इमेल आइडी मात्रै रहेछ । कम्तिमा प्रवक्ताको पनि नम्बर रहेनछ । मैले दुवैजनालाई आफ्नो समस्याबारे इमेल गरेँ । तर डेढ हप्ता बितिसक्दा पनि कुनै जवाफ आएन । एकजना पत्रकारको रूपमा मैले उहाँहरूलाई सम्पर्क गर्न सक्थेँ, तर जनताको सेवाको नाममा सेवासुविधा 'उपयोग' गरिरहेका हाम्रा सरकारी उच्च अधिकारीहरू समस्यामा परेका सर्वसाधारण नागरिकका लागि कति उपलब्ध छन् ? त्यो थाहा पाउन मन लाग्यो ।

जिल्लाबाट पो सजिलो हुन्छ कि ? भन्ने लाग्यो । धादिङमा क्रियाशील केही पत्रकार साथीहरूलाई फोन गरेँ । एकजना साथीले साइबरतिरै देखाइदिनुभयो । धादिङकै लागि तत्काल 'अपोइन्टमेन्ट' मिति नमिले पनि काठमाडौंका लागि सहजै मिलाइदिए तर, त्यसका लागि केही राम्रै शुल्क तिर्नुपर्‍यो ।

### जीवनशैली बनेको लाइन

यस्तो लाग्छ- हामी नेपालीहरू राज्यद्वारा लाइनमा उभ्याइएका छौं । 'तिमीलाई विलासी जीवन बाँच्न कर तिर्छु सरकार/नेताहरू' भन्दा घन्टौं लाइनमा खडा हुनुपर्छ । आकाशको तारा झार्ने घोषणपत्र पढ्दै सुन्दै नागरिकले आफ्नो जीवनको उत्पादनशील समयका उल्लेख्य घण्टाहरू दैनिकरूपमा लाइन र ट्राफिक जाममा बिताउनुपर्छ । यता लाइन, उता लाइन, जताजतै लाइन । यस्तो लाग्छ कि हामी नेपालीको आधा समय लाइन र जाममा बित्छ । कमजोर र असक्षम शासकहरूको कमजोर व्यवस्थापनको प्रतिफल हामी नागरिकले एकबारको जीवन अनुत्पादक लाइन र जाममा बिताइरहेका छौं । यो काम राहदानी लिनेक्रममा अझै पनि अत्यधिक गर्नुपर्छ । कुनैबेला केशरमहलस्थित राहदानी मध्यरातदेखि नै लाइन बस्नुपर्थ्यो । अवस्था त्यस्तै त छैन तर, राहदानी लिने काम अझै नागरिकको पूर्ण पहुँचमा आइसकेको छैन । यहाँ पनि बिचौलिया हावी छन् ।

### रुखो बोली र लोकतन्त्र

म आफ्नो कार्यकक्ष होस् वा सरकारी अड्डा, चर्को स्वरमा बोल्न सक्दिनँ । अरुले चर्को बोली बोलिरहँदा म आफूलाई सहज अभिव्यक्त गर्न पनि सक्दिनँ । अरुलाई राम्रोसँग सुन्न सक्नुपर्छ भन्ने लाग्छ । अनावश्यक अधिकार संकेन्द्रण भएका मान्छेले सुन्न भन्दा सुनाउन र आफूले बुझेको अल्पज्ञान अरुमाथि लाद्न मात्र जानेका हुन्छन् जस्तो लाग्छ । यस्तो अलोकतान्त्रिक वातावरणमा असमानहरूको बीचमा तथाकथित 'समान' प्रतिस्पर्धा मात्र हुनसक्छ । मलाई हाम्रा सरकारी अड्डाहरू यस्तै लाग्छन् । कर्मचारीलाई नागरिकको समस्या सुन्ने न रुचि देखिन्छ, न समय । यद्यपि, कतिपय कार्यालयमा निकै मृदुभाषी र नागरिकमैत्री कर्मचारी पनि भेटिन्छन् । तर, मूल प्रवृत्ति त्यस्तो छैन । हामी केजरीवालको घरघरमा सेवाको समाचार पढ्दै सरकारी सेवा लिन हप्तौं सरकारी अड्डा धाउन अभिशप्त छौं ।

जनसेवक भन्न रुचाउने कर्मचारीको रुखासुखा बचन त सुन्नुपर्छ नै । मसँगै राहदानी विभागको लाइनमा उभिएका एकजना मधेसका युवाले आफ्नो समस्या राखे । भाषाका कारण कर्मचारीले राम्रोसँग कुरा बुझेनन् । उनले चर्को खप्की खाए । सरकारी सेवा लिन आएका एकजना करदाता नागरिकमाथि राज्यका प्रतिनिधिले अपराधीलाई जस्तो व्यवहार गरे । उक्त भर्त्सनायोग्य व्यवहारले हामी लाइनमा उभ्याइएका धेरैको मन कुँडियो । प्रहरी जवान 'ओई, एई' भन्दै कराइरहेका त हुन्छन् नै । वैदेशिक रोजगारमा जाने तयारीमा रहेका ती साथी राहदानी बनाउन दोस्रोपटक प्रयास गर्दै रहेछन् । म केही गफिन चाहेँ । उनले भने, 'आफ्नै देशमा त यस्तो खप्की खानुपर्छ । हामीलाई विदेशीले कस्तो व्यवहार गर्लान् ?'

राज्यले आत्मसम्मान खोसेर निर्वासित बनाइरहेका उनी र उनीजस्तै युवाहरूको अनुहार पढेपछि मन अमिलो भयो । मैले घन्टौं लाइनमा बस्दा युवा साथीहरूलाई फिलिपिन्सको कथा सुनाएँ । फिलिपिन्समा वैदेशिक रोजगारीसँग जोडिएका युवा युवतीलाई सरकारी सेवा लिँदा लाइन बस्नुपर्दैन । सरकारले सिप सिकाएर दक्ष बनाउँदै आफ्नो जनशक्तिलाई विदेश पठाउँछ । युवाको पसिनासँग रेमिटेन्स साटेको बदलामा सरकारले उनीहरूलाई धेरै सेवा र सुविधाको व्यवस्था गरेको छ । वैदेशिक रोजगारीलाई सम्मानजनक पेशाको रूपमा पहिचान दिएको छ । हाम्रोमा वैदेशिक रोजगारीमा जाने दुई तिहाईभन्दा बढी अदक्ष जनशक्ति हुन् । एक तिहाईभित्र पनि नगन्य युवा शक्ति दक्ष र बाँकी सबै अर्धदक्ष छन् । अदक्ष जनशक्तिले विदेशमा जोखिमपूर्ण काम गर्छन् तर कम कमाउँछन् । स्वेदशमा उनीहरूले पाउने त अपमान मात्रै न हो !

### 'निर्वासित 'अनागरिक'

चुनाव आएको छ । पचास लाखभन्दा बढी युवाले मतदानको अधिकार गुमाउँछन् । कुनैबेला अरस्तुले नागरिकलाई तीन तहमा वर्गीकृत गरेका थिए- मतदान गर्न र चुनावमा उठ्न पाउने नागरिक, मतदान गर्न पाउने तर उठ्न नपाउने अर्धनागरिक र दुवै अधिकार नपाएका अनागरिक ।

राहदानी प्राप्त गर्ने संघर्षपूर्ण लाइनमा युवा साथीहरूसँग संगत गरिरहँदा मलाई लाग्यो- हाम्रो सरकारले लाउँ लाउँ खाउँ खाउँ भन्ने उमेरका युवाहरूलाई निर्वासित गराएको छ । विदेशिन बाध्य बनाएको छ । तर आफू भने रगत पसिनासँग साटेको रेमिट्यान्समा मस्ती गरिरहेको छ । हाम्रा नेता र उच्च पदस्थ कर्मचारीका चम्किला अनुहार र विलासी जीवनशैली पचासौं लाख अनागरिक बनाइएका युवायुवतीको मलिन र अतृप्त जीवनको मूल्यसँग साटिएको छ । उनीहरूलाई अनागरिक मात्र बनाइएको छैन, देश बस्ने अधिकार खोसेर निर्वासित गराइएको छ ।

नेपाली अर्थतन्त्रको झण्डै एक तिहाई हिस्सा ओगटेको रेमिटेन्स यस्तै युवायुवतीको बैंसको मूल्यसँग साटिएको छ । नवविवाहित जीवनसाथी र नजन्मिएको सन्तानसँगै डाँडामाथिको जून बनेका वृद्ध बाआमासँग छुट्टिनुको पीडा हाम्रा शासकहरूले कहिले बुझ्लान् ? हरेक दिन बाकसमा शव बनेर फर्कने युवाहरूको रगतसँग साटिएको रेमिटेन्स दुरूपयोग भइरहेको देख्दा 'संसारमा जन्म दिएर ईश्वर बैंसमा नमार' भन्ने गीत सच्याउन मन लाग्छ । वास्तवमा बाकसमा फर्कने हरेक युवायुवतीको मृत्युको जिम्मा हाम्रा अक्षम शासकहरूले लिनुपर्छ, अब कुनै नदेखिने नभेटिने ईश्वरको काँधमाअमूर्त जिम्मा लगाएर कोही उम्कन पाउँदैनन् ।

### चुनाव 'मिस गर्छु'

लाइनमा मसँगै उभिएका थिए- तनहुँका एक युवा । उनी मतदान गर्न योग्य भएपछि तीनवटा निर्वाचनमा भाग लिन पाएका छैनन् । वैदेशिक रोजगारका कारण उनले ती सबै लोकतान्त्रिक अवसर गुमाए । यसपटक पनि चुनाव अगाडि नै विदेशिने योजना रहेछ । 'निर्वाचन त लोकतन्त्रमा एकप्रकारको चाड हो । यस्तो चाड छाडेर विदेश जाने ?' मेरो प्रश्न भुइँमा खस्न नपाउँदै उनले भने, 'दशैंमा बुढा बाआमासँग टीका लगाउन नपाएको ७ वर्ष भइसक्यो । भाइटीका नलगाएको त कति कति ? अब तपाईं चुनावको कुरा गर्नुहुन्छ ?'

उनलाई राजनीतिमा रुचि रहेछ । उनले रोचक तर, गम्भीर तर्क सुनाए । 'युवा र सक्षम मतदाता पचास लाखभन्दा बढी विदेशमा छन् । उनीहरूले मताधिकार पाएका छैनन् । बाँकी रहेका अल्पसंख्यकमध्येको बहुमतबाट हामी शासित छौं,' उनले भने, 'भाँडमा जाओस् यस्तो लोकतन्त्र ।' एकछिन मौन बसेपछि उनले थपे, 'तर सर हामी विदेशमा नेपालको चुनावलाई असाध्यै मिस गर्छौं ।''वैदेशिक रोजगारीमा रहेका युवालाई किन मतदानको अधिकार नदिएको होला ?' मलाई उनको परिपक्व तर्क सुन्न मन लाग्यो । 'हाम्रो भोटले ल्याउने परिवर्तन कस्तो हुन्छ भन्नेमा हाम्रो नेताहरू विश्वस्त छैनन् उनले भने,'वनकरिया र चेपाङलाई उम्मेदवारसँग लालपुर्जाको आदेश विदेश घुमेका मतदाताले ठूलै परिवर्तन गरेर हामीलाई विस्थापित गर्लान् भन्ने डर होला, तर हामी भने विदेशमा पनि दलकै झण्डा बोकिरहेका छौं ! उनको जवाफले म अवाक भएँ । के वैदेशिक रोजगारीमा पनि राजनीतिक सिन्डिकेटको ऐजेरु फैलिएको छ ? जवाफ खोज्न नपाउँदै झण्डै दुई घण्टापछि मेरो पालो आयो । मैले २० हजार तिरेर ६४ पेजको राहदानी लिने तयारी गरेको थिएँ । सरकारी अधिकारीले मेरो पुरानो एमआरपी हेर्दै सोधे- 'यतिधेरै किन ? अघिल्लो पनि सबै भरिएको रहेछ ?' 'राहदानी लिन गर्नुपरेको संघर्षको प्रतिफल हो सर यो ६४ पृष्ठ । फेरि म पटकपटक घन्टौं लाइनमा बस्न चाहन्नँ' उनी मेरो अनुहार हेरेर फिस्स हाँसे मात्रै । मेरो काम सकियो ।

२-३ दिनमा राहदानी हात पर्ने भयो । पछाडि फर्किएँ । लाइनमा सँगै घण्टौ उभिएका आसपासका युवाहरू साथी भइसकेका रहेछन् । उनीहरूलाई छाडेर निस्किनुपर्छ एउटा अनौठो विछोडको अनुभूति भयो । मैले सोध्न भुलेछु- राहदानी लिन कुनकुन कागजात चाहिन्छ ? सूचना दिने अधिकारी कोही उपलब्ध थिएनन् । पुन: झ्यालमा पुगेर लाइनको बीचमा प्रश्न सोध्न मुस्किल थियो । अगाडि उभिएका प्रहरीलाई सोधेँ । उनले 'अनलाइन फर्म र पैसा तिरेको रसिद' लिएर आउन भने ।

दुई दिनपछि मोबाइलमा घण्टी बज्यो । राहदानी बनेछ । खुसी लाग्यो । बिहान क्याम्पसमा अध्यापन सकेर बानेश्वरबाट त्रिपुरेश्वर फर्किएँ । दुई चरणको लाइन सकेपछि झण्डै साढे दुई घण्टापछि पालो आयो । नागरिकता अनिवार्य चाहिन्छ भन्ने जवाफ आयो । मसँग फोटो छ, अरु परिचयपत्र छ भनेर सुनाएँ । 'सुन्नुभएन नागरिकता चाहिन्छ भनेको ? नागरिकता लिएर भोलि आउनुस्' कर्मचारीको चर्को स्वरले मेरो अनुहार खुम्चियो । हतार हतार अफिस दौडिएँ । भोलिपल्ट नागरिकता लिएर राहदानी लिन गएँ । साँढे दुई घण्टा लाइन बसेपछि पुन: पालो आयो । राहदानी नवीकरण गरेकालाई नयाँ लिन पुरानो अनिवार्य लैजानुपर्ने रहेछ । 'हिजो पनि लाइन बसेँ, नागरिकता मात्रै भन्नुभयो त ?'

यसपटक कर्मचारी मिजासिली र हिछिन् । उनले भनिन्, 'पुरानो रद्द नगरी नयाँ दिन मिल्दै मिल्दैन । यसमा कुनै विकल्प छैन ।' राहदानी नपाए पनि उनले मिठो शैलीले कुरा बुझाउन प्रयासले मलाई खुसी दियो । लाग्यो- एउटा कर्मचारीको मिठो बोलीले कति फरक पर्छ सेवाग्राहीलाई । स्वर मिठो नभए पनि मनमनै नारायण गोपालको गीत गुन्गुनाउँदै राहदानी विभागको भित्तातिर हेरेँ । नागरिक बडापत्रमा कतै यो कुरा उल्लेख गरिएको रहेनछ । भर्चुअल सूचना हेरेँ राहदानी विभागको । यस्तो जानकारी कतै भेटिन । यतिधेरै भीडभाड हुने सरकारी कार्यालयमा यति महत्वपूर्ण जानकारी सेवाग्राहीलाई दिन किन कन्जुस्याइ गरेको होला ? यो लापरबाही हो कि असक्षमता ? सरकारी सेवाको कमशल र कमजोर व्यवस्थापनको घाटा मसँगै मेरो अफिसले पनि व्यहोर्नुपर्‍यो । राज्यको एउटा कमजोरीले कतिधेरै क्षेत्र प्रभावित बनाउने रहेछ । अफिस फर्कन निकै ढिला भइसकेको थियो ।

राहदानी बनाउने क्रममा राष्ट्रिय परिचय पत्रका लागि खर्चिएको समय समेत राहदानी लिन एक महिना समय दिनुपर्‍यो । राहदानी लिनैका लागि सधैं लाइनमा बस्न नसकिने रहेछ । यो एक महिनामा अझै हातमा राहदानी परेको छैन । म स्वदेशमै छु । यहीं रहेर मैले यति दु:ख व्यहोरेँ । ठीक छ । तर, देश पाल्ने वैदेशिक रोजगारीमा रहेका युवाले भोग्नुपरेको सास्ती र अपमान क्षम्य कसरी हुनसक्छ ? रिसाउन मन लागेन । रिसाए पनि कोसँग रिसाउने ? केवल आफ्नै अनुहार कालो बनाउने हो । सम्झिएँ- रिस त कमजोर मान्छेको हतियार हो । म त्यति कमजोर कहाँ छु र रिसाउन ' रिसाउने शक्ति भोलि पुन: दुई/तीन घण्टा लाइनमा बसेर राहदानी लिन खर्च गर्नुपर्ला । म हतार-हतार अफिस फर्किएँ ।साभार: अनलाइनखबर

# कठै ! महिला स्वास्थ्य चुनावमा नसमेटिने ?



डा अरुणा उप्रेती

३५ वर्ष भएछ मैले डाक्टर भएर काम गरेको । पहिलोपल्ट प्रसूतिगृह थापाथलीमा मेडिकल अफिसर भएर काम गर्दा र विभिन्न स्वास्थ्य शिविरमा बिरामी जाँच्दा बिरामीलाई भिटामिन त दिनैपर्छ भन्ने लाग्थ्यो । गर्भवतीका स्वास्थ्य समस्याबारे कुरा गर्दा उनका सबै समस्या आधुनिक औषधिले ठीक पार्छजस्तो लाग्थ्यो ।

धेरै छोरी जन्माएपछि 'छोरा' जन्माउन अस्पताल आउने महिलालाई म हकार्थें । 'किन परिवार नियोजनको साधन प्रयोग नगरेको ?' भनेर प्रश्न गर्थें । अपशोच ! त्यो वेला मैले बुझेको थिइनँ, उनीहरूलाई सामाजिक बाध्यता, विवशता, धार्मिक रुढिवादले कसरी गालेको छ, उनीहरू किन बारम्बार बच्चा जन्माउन विवश छन् । काम गर्न सुरु गरेको १० वर्षपछि मात्र मैले बुझेँ कि महिलाको स्वास्थ राम्रो वा नराम्रो हुनु, उनीहरूमा कुपोषण हुनुमा कति धेरै सामाजिक, राजनीतिक कारण रहेछन् । मेरा दुई छोरी जन्मिएपछि जब बारम्बार 'छोरा कहिले पाउने ?'

भनेर समाजले प्रश्न गर्न थाल्यो अनि पो मैले बुझेँ, बच्चा धेरै जन्माएकामा मैले हपारेका गरिब, अशिक्षित महिला कसरी विवशताको सिकार भएर बारम्बार बच्चा जन्माउन विवश भएका रहेछन् । यसरी एकपछि अर्को बच्चा जन्माउँदा उनीहरूको ज्यानै जान सक्ने भए पनि परिवारले वास्ता नगर्ने रहेछन् ।

२००६ मा गर्भवतीको रक्तअल्पता प्रतिशत ३६ प्रतिशत थियो । स्वास्थ्य मन्त्रालयले गर्भवतीलाई रगतको कमी घटाउन आइरन चक्की बाँड्ने कार्यक्रम धुमधामसँग ल्यायो । तर, २०१६ मा आएर सरकारी तथ्यांकले नै देखायो-गर्भवतीमा रक्तअल्पता ४३ प्रतिशत भएछ । अर्थात् झन् बढेछ । यो तथ्यांक त सम्पूर्ण नेपालको भयो, प्रदेश नं २ मा त यो ५५ प्रतिशत छ । यदि दलित महिलाबीच मात्र तथ्यांक संकलन गर्ने हो भने सायद ८० प्रतिशत गर्भवतीमा रक्तअल्पता र कुपोषण पाइन्छ ।

नेपाली महिलाको शरीरमा रगत कम हुनुको अर्थ उनलाई सूक्ष्म पोषक तत्व, प्रोटिन आदिको कमी मात्र होइन, उनको पारिवारिक र सामाजिक अवस्था पनि दयनीय छ भन्ने देखाउँछ । नेपालको स्वास्थ्य मन्त्रालयचाहिँ केवल फोलिक एसिड र आइरन ट्याबलेट मात्र बाँडेर बसिरहन्छ । यो योजना असफल भइसक्यो भने पनि त्यही काम देहोरिइरहन्छ । स्वास्थ्य मन्त्रालयका एक उच्च अधिकारीले भनेका थिए- आइरन र फोलिक एसिड मात्र बाँडेर नहुने रहेछ । अब हामी भिटामिन बी-१२ पनि बाँड्ने तयारी गर्दै छौं । स्वास्थ्य चौकी र स्वास्थकर्मीले मात्र महिला स्वास्थ्य समस्या हल गर्न सक्दैनन् भन्ने यथार्थ स्वास्थ्य मन्त्रालयका अधिकारीले कहिल्यै बुझ्न सकेनन् । मन्त्रीहरूले त झन् बुझ्ने कुरै भएन । उनीहरू त 'आयाराम गयाराम' नै भइहाले । दलित महिला गरिब छन्, खाना छैन, शिक्षा छैन ।

श्रीमानले मजदुरी गरेर ल्याएको रकम उसैले प्राय: मद्यपानमा उडाउँछ। दलित महिलाको सानैमा विवाह हुन्छ, धेरै बच्चा जन्मिन्छन् उनको स्वास्थ्य चौकीमा पहुँच छैन । यस्ता धेरै सामाजिक र आर्थिक समस्या छन्, जसले गर्दा सीमान्तकृत महिलाको स्वास्थ्य स्थिति राम्रो छैन ।

अपागंता भएका महिलाको मानसिक र प्रजनन स्वास्थ्यबारे पनि प्राय: छलफल हुँदैन । दलित र गाउँले महिलामा अपांगता छ भने त उनको स्वास्थ्य अवस्था झनै नराम्रो हुन्छ ।

कर्णालीका महिला र तराईका दलित महिलाको स्वास्थ्य स्थितिसम्बन्धी तथ्यांक हेर्ने हो भने त झनै डरलाग्दो अवस्था देखिन्छ । स्वास्थ्य र शिक्षा दुवैलाई राजनीतिले निर्देशित गर्छन् । कुनै देशको राजनीतिले जनताको पक्षमा काम गर्छ भने, त्यहाँको महिला स्वास्थ्य स्थिति राम्रो हुन्छ । नेपालमा सम्भावना धेरै भए पनि राजनीतिक नेताहरूको बेवास्ताले महिला र सीमान्तकृत समुदायको स्वास्थ्य स्थिति भयावह छ । छोरी भ्रूण भन्ने थाहा पाएपछि गर्भपतन गराउने गलत संस्कारले केही वर्षपछि नेपालमा सामाजिक समस्या निम्त्याउने अवस्था छ ।

महिलाको शरीरलाई 'औषधिकरण' गरिएको छ । गर्भावस्था र सुत्केरी सामान्य हुन् भन्ने तथ्य बिर्सँदै गइरहेको छ । महिलालाई हड्डी बलियो पार्न वाहियात खाना खान सिकाइन्छ, तर हाम्रा स्वस्थकर खानाबारे छलफल नै गरिन्न । महिला स्वास्थ्यबारे चर्चा गर्दा मानसिक स्वास्थ्य त ओझेलमा परेको छ ।

यहाँ महिला स्वास्थ्य विषयमा एउटा किताब लेख्न सकिन्छ । नेपाली महिलाको स्वास्थ्य सुधार गर्न अहिले भएका कतिपय नीति सुधार गर्नुपर्छ र राम्रा नीतिलाई व्यवहारमा ल्याउनुपर्छ । तर अपशोच ! यो कसैले गर्दैन । महिलाको जीवन र स्वास्थ्यबारे वामपन्थी नेताले चर्का नारा लगाउँथे । अहिले उनीहरू 'इन्ज्वायमेन्ट जोन' अर्थात् 'यौनको मैदान' खोलेर पर्यटकलाई आनन्द र महिलालाई आर्थिक अवसर दिन उद्यत छन् । यस्ता नेताले पहिले आफ्ना छोरीबुहारीलाई यस्तो जोनमा पठाएर, उनीहरूको आर्थिक व्यवस्था र स्वास्थ्यमा सुधार ल्याए हुन्थ्यो नि!

– साभार: हेल्थपोष्ट

# चितवनका महत्वपूर्ण क्षेत्रको सुरक्षा जिम्मा नेपाली सेनालाई



चितवन, वैशाख २४ जिल्लाको महत्वपूर्ण क्षेत्रको सुरक्षाको जिम्मा नेपाली सेनाले लिएको छ । स्थानीय तहको निर्वाचनलाई लक्ष्य गरी जिल्लाको महत्वपूर्ण मानिएको क्षेत्र कारागार कार्यालय चितवन र भरतपुर विमानस्थलको सुरक्षाको जिम्मा नेपाली सेनाले लिएको हो ।

प्रमुख जिल्ला अधिकारी अस्मान तामाङका अनुसार निर्वाचनलाई लक्षित गरी जिल्ला सुरक्षा समितिको वैशाख १५ गतेको निर्णयानुसार महत्वपूर्ण निकायमा सेनाले सुरक्षाको जिम्मेवारी लिएको हो । यी क्षेत्रमा जेठ २ गतेसम्म नेपाली सेनाले सुरक्षाको जिम्मेवारी लिनेछ । निर्वाचन नसकिएको खण्डमा समय थप गर्न सकिने उनले बताए । निर्वाचनको समयमा प्रहरीमा पर्याप्त जनशक्ति नहुने हुँदा सुरक्षाको जिम्मेवारी सेनालाई दिइएको उनले बताए । उनले भने, 'यी दुई क्षेत्रमा आन्तरिक काम नेपाल प्रहरीले गर्नेछ । सुरक्षा सेनाले दिनेछ ।' हरेक निर्वाचनमा महत्वपूर्ण प्रतिष्ठान र निकायमा सुरक्षाको जिम्मेवारी नेपाली सेनाले लिने गरेको छ ।

यही वैशाख ३० गते हुने स्थानीय निकायको निर्वाचनलाई लक्षित गरी जिल्लामा सुरक्षा व्यवस्थासमेत मजबुत बनाइएको छ । निर्वाचन सुरक्षा योजनाअनुसार अहिले मतदानस्थलको सुरक्षाको अवस्थाका बारेमा जानकारी लिने काम भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीले जानकारी दिए ।

उनका अनुसार अहिले मतदानस्थलको निरीक्षण, अनुगमनका काम भइरहेको छ । मतदानस्थलमा हुनसक्ने सम्भावित घटनाको समेत पूर्वानुमानका कामसमेत भइरहेको उनको भनाइ छ । - रासस

# केजीएफका अभिनेता मोहन जुनेजाको निधन



साउथ फिल्म उद्योगका चर्चित हास्य कलाकार मोहन जुनेजाको ५४ वर्षको उमेरमा शनिबार बिहान निधन भएको छ । लामो समयदेखि रोगसँग लडिरहेका मोहनले उपचारका क्रममा बैंगलोरको एक निजी अस्पतालमा अन्तिम सास लिएका थिए । मोहनको निधनमा फ्यानसहित धेरै सेलिब्रेटीले सामाजिक सञ्जालमा पोस्ट शेयर गरेर शोक व्यक्त गरेका छन् ।

मोहन जुनेजाले आफ्नो करियर कमेडियनको रूपमा सुरु गरेका थिए । आफ्नो करियरमा मोहनले तमिल, तेलुगु, मलयालम र हिन्दीलगायत धेरै भाषाहरूमा १०० भन्दा बढी चलचित्रहरूमा अभिनय गरे । उनी KGF–2 / KGF–1 जस्ता सुपरहिट फिल्महरूमा पनि देखापरेका थिए । फिल्म केजीएफ-२ मा मोहनले पत्रकार आनन्दीको इन्फर्मरको भूमिका निभाएका थिए ।

मोहनले दर्शन, उपेन्द्र, पुनीत राजकुमार, अम्बरीश, शिवराजकुमार र चन्दन जस्ता धेरै स्टारहरूसँग पनि काम गरे । उनले 'चेतला'बाट ठुलो ब्रेक पाएका छन् । उनले सन् २००८ मा कन्नड फिल्म 'संगमा' बाट अभिनेताको रूपमा डेब्यु गरेका थिए । उनी विशेष गरी कन्नड चलचित्रका लागि परिचित छन् ।

# राजनीति र माफिया गठबन्धनको नतिजा, हेर्नुहोस् युट्युबमा



पछिल्लो समय दक्षिण भारतीय फिल्महरू लोकप्रिय भइरहेका छन् । मूल रूपमा तमिल, तेलेगु, कन्नड भाषामा बनेका फिल्मले हिन्दी भाषी फिल्मलाई निकै पछाडि छाडिदिए । 'पुष्पा: द राइज', 'आर आरआर,' 'केजिएफ २' यसका उदाहरण हुन् ।

धेरैले अब दक्षिण भारतीय सिनेमाले नै बक्सअफिसमा तहल्का मच्चाउने बताइरहेका छन् । कमाइका मामिलामा कुन फिल्मले बाजी मार्छन्, यो कुरा त आउने नयाँ फिल्मका व्यापारले देखाउनेछ ।

आज गुड फ्राइडे सिनेमामा चाहिँ हामीले पहिल्यै बक्सअफिसमा धूम मच्चाइसकेको दक्षिण भारतीय फिल्म सिफारिस गरेका छौं- लुसिफर । नाम सुनेर नझुक्किनुहोला, यो नेटफ्लिक्सको अंग्रेजी वेबसिरिज होइन । चर्चित अभिनेता मोहनलालको फिल्म हो जसले मलयालम भाषामा हालसम्मकै सबभन्दा धेरै कमाइ गरेको छ ।

दक्षिण भारतीय फिल्म हेर्नुहुन्छ भने मोहनलाललाई नचिन्ने कमै हुनुहुन्छ । अजय देवगनको 'दृश्यम' हेर्नुभएको छ भने थाहा पाइराख्नुहोस्, यो मोहनलालकै मलयालम भाषामा बनेको 'दृश्यम' को रिमेक हो । त्यस्तै बलिउड फिल्म 'कम्पनी' मा पुलिस कमिसनरको भूमिकामा प्रभावशाली छाप छोड्न सफल अभिनेता मोहनलाल नै हुन् ।

तमिल, तेलेगु, हिन्दी, मलयालम फिल्ममा जमेका मोहनलालको 'लुसिफर' सन् २०१९ मा रिलिज भएको हो । फिल्ममा मोहनलालसँगै विवेक ओवराय, मन्जु वारियर र टोभिनो थोमसको मुख्य भूमिका छ । फिल्मले विभिन्न विधामा गरेर १८ वटाभन्दा बढी अवार्ड जितेको छ । करिब ३० करोड भारूमा बनेको यसले अहिलेसम्म १ सय ७५ करोड भारूभन्दा बढी कमाइसकेको छ । मलयालम फिल्मको इतिहासमा यो सबभन्दा धेरै कमाइ हो । यसले रिलिजको ८ दिनमै सबभन्दा कम समयमा सय करोड भारू कमाउने मलयालम फिल्मको रेकर्ड पनि बनाएको छ । यो फिल्मको तमिल रिमेक पनि बन्ने चर्चा छ । 'गड फादर' नाममा रिमेक हुन लागेको यो फिल्ममा अभिनेता चिरञ्जिवी र सलमान खानको भूमिका रहने बताइएको छ । सलमानका लागि यो तमिल सिने उद्योगमा डेब्यु हो ।

'लुसिफर' एक्सन थ्रिलर फिल्म हो जसको कथाको केन्द्रविन्दुमा राजनीति छ । राजनीतिको कुर्सीमा हुने खिचातानीमा माफियाहरूले कसरी खेल्न पाउँछन् भन्ने कुरा यसमा देखाइएको छ । त्यस्तै राजनीतिज्ञहरूले आफ्नो हातमा सत्ता पार्न अन्तर्राष्ट्रिय गिरोह र उनीहरूको पैसा कसरी प्रयोग गर्छन् भन्ने पनि यसको कथा हो । पैसा, शक्ति र सत्ताका लागि माफिया-राजनीतिको गठबन्धनले देशलाई नकारात्मक प्रभाव पार्छ । यो फिल्मले यही गठबन्धनबाट सिर्जना हुने राजनीतिक द्वन्द्व चित्रण गरेको छ । फिल्ममा केरलाका बहालवाला मुख्यमन्त्रीको निधनपछि उनको कुर्सीमा को बस्ने भनेर दुई राजनीतिक समूहबीच विवाद सुरू हुन्छ । सत्ता हत्याउने दौडमा दुबै समूहले माफियाको भौतिक र आर्थिक मद्दत लिन्छन् । यसले देशको भविष्य बनाउने अभिभारा बोकेको राजनीतिमाथि आपराधिक गिरोहको बलियो प्रभाव कायम हुन्छ । फिल्मको कथा काल्पनिक भए पनि हरेक विकासोन्मुख र कम विकसित देशहरूको राजनीतिक यथार्थ यही हो । नेपालकै सन्दर्भमा भन्दा यहाँ राजनीतिक नेताहरू सत्तासम्म पुग्न ठेकदार र व्यापारीहरूसँग गला जोड्छन्, उनीहरूको पैसा प्रयोग गर्छन् जसको मूल्य सिंगो देशले चुकाउनु पर्छ । जब राजनीतिसँग माफिया वा व्यापारीको साँठगाँठ हुन्छ, तब देशमा कस्तो अवस्था आउन सक्छ भन्ने काल्पनिक दृश्य देखाउने फिल्म हो 'लुसिफर' । *साभार: सेतोपाटी*

# उम्मेदवारसँग जनताको माग : बिजुली र ग्रामीण सडक

उदयपुर- यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा उम्मेदवार बनेर जनताको घरदैलोमा भोट माग्न आउने राजनीतिक दलका नेता तथा उम्मेदवारसँग यहाँका ग्रामीण भेगका अधिकांश जनताले ग्रामीण सडक व्यवस्थापन र टोलटोल तथा घर घरमा बिजुली व्यवस्थापन हुनुपर्ने माग गरेका छन् ।

जिल्लाको मध्य उत्तरी पहाडी क्षेत्रको लिम्चुङबुङ गाउँपालिका वडा नं ३ सातदोबाटे साँझखर्कका ६५ वर्षीय स्थानीय सोनाम शेर्पा यसपटकको स्थानीय तहको निर्वाचनमा जुन पार्टीका उम्मेदवारले आफ्नो गाउँमा बिजुली ल्याउने प्रतिबद्धता गर्दछ, उसैलाई मात्र भोट दिने बताउँछन् ।

यसभन्दा अगाडिको निर्वाचनमा विजय भएर गाउँपालिकाको प्रतिनिधि बनेका राजनीतिक दलका जनप्रतिनिधिले आफूहरुको गाउँ र घरघरमा बिजुली ल्याइदिने तथा गाउँ नै झलमल्ल बनाइदिने भने पनि उनीहरुले प्रतिबद्धता पूरा नगरेका कारण आफूले यसपटक जसले आफ्नो गाउँको माग पूरा गर्ने प्रतिबद्धता गर्दछ, यस्ता उम्मेदवारलाई मात्र मतदान गर्ने उनले बताए ।

लिमचजातेका ५७ वर्षीय जगतबहादुर राईको पनि धारणा शेर्पाकै जस्तो छ । यसअघिको निर्वाचनमा उम्मेदवार बनेर विजय हुनेले आफूहरु विजय भए गाउँमा बिजुली ल्याएर गाउँ नै झिलीमिली बनाउने भनेर हामीलाई ढाँटे, आफू अहिलेसम्म यी दुर्गम गाउँघरमा अँध्यारोमा नै बस्न बाध्य छौं, यसपटक चाहिँ हाम्रो गाउँमा बिजुली ल्याउन प्रतिबद्धता नगर्ने नेताहरुलाई भोट नै नदिने गाउँलेले सल्लाह गरेका छौं', उनले भने ।

लिम्चुङबुङ ताम्लीछाका जुद्धमान राईका अनुसार अहिलेसम्म पनि गाउँमा बिजुली छैन । ग्रामीण सडक व्यवस्थापन नहुँदा गाउँले हिँडेर दिनभर लगाएर अन्यत्र जान र आउन बाध्य छौं, यसपटकको निर्वाचनमा गाउँमा बिजुली ल्याउन प्रतिबद्धता नगर्ने नेता र सडक व्यवस्थापन नगर्ने नेता उम्मेदवारलाई भोट नदिने धारणा हाम्रो हो', उनी भन्छन् ।

रौतामाई गाउँपालिका-४ आपटार कालीमाटीका होमबहादुर कटुवाल पनि यसपटकको स्थानिय तहको निर्वाचनमा गाउँमा बिजुली ल्याउन पहल नगर्ने उम्मेदवारलाई भोट नदिने बताउँछन् । अन्यत्र सबैतिर बिजुली आइसकेकाबेला आफूहरु गाउँघरमा अहिलेसम्म पनि अँधेरोमा नै बस्न बाध्य हुन परेकाले यसपटकको निर्वाचनमा गाउँमा एक वर्षभित्र बिजुली जसले ल्याउने प्रतिबद्धता गर्दछ, यसैलाई भोट दिने कटुवाल बताउँछन् ।

गढी गाउँपालिका-३ डुम्रेका सोमबहादुर घलेले पनि यसपटकको निर्वाचनमा गाउँमा सडक व्यवस्थापन र बिजुली व्यवस्थापन गर्नसक्ने तथा व्यवस्थापनको प्रतिबद्धता गर्ने नेता वा उम्मेदवारलाई मात्र भोट दिने भनाइ राखे ।

वर्षायाममा ग्रामीण सडक बन्द हुँदा आफूहरुले विभिन्न दैनिक उपभोग्य वस्तु आयात गर्नसमेत कष्ट भोग्न पर्ने हुनाले ग्रामीण सडक ग्राभेलिङ भएमात्र भए पनि गाउँको ठूलो समस्या समाधान हुने हुनाले निर्वाचनमा उठ्ने नेताले आफूहरुको समस्या समाधान गर्ने प्रतिबद्धता गर्नुपर्ने डुम्रेका जनता बताउँछन् ।

यसपटकको निर्वाचनमा स्थानीय तहका पालिकामा उम्मेदवार बनेका राजनीतिक दल आबद्ध उम्मेदवारसँग जिल्लाका पहाडी गाउँपालिकाका अधिकांश जनताले गाउँ र टोल तथा घरघरमा बिजुली र ग्रामीण सडक व्यवस्थापन हुनपर्ने मागलाई जोड दिएका छन् ।

# पहिरोले नारायणगढ-मुग्लिन सडक अवरुद्ध



चितवन/पहिरोका कारण नारायणगढ-मुग्लिन सडकखण्ड अवरुद्ध भएको छ । आज साँझ ७:३० बजे इच्छाकामना गाउँपालिकाको चोके खोलामा पहिरो खस्दा सडक अवरुद्ध भएको हो ।

मुग्लिनबाट नारायणगढतर्फ तीन किलोमिटरको दूरीमा पहिरो निरन्तर खसिरहेका कारण आज यातायात सञ्चालन हुने सम्भावना न्यून रहेको ट्राफिक प्रहरीले जनाएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक धर्म अधिकारीका अनुसार ठूलो पहिरो खसेका कारण आज पहिरो हटाउन असम्भव जस्तै छ ।

मुग्लिन हुँदै नारायणढतर्फ आउने सवारीसाधन मुग्लिनमा रोकिएका छन् भने नारायणगढबाट मुग्लिन हुँदै जाने सवारीसाधनलाई जुगेडीतर्फ नै रोकिएको छ । पहिरो हटाउन सुरु भएको प्रहरीले जनाएको छ ।

# श्रीलंकामा फेरि संकटकाल लागु, थप कडाइ गरिने



एजेन्सी/श्रीलंकामा फेरि संकटकाल लागु गरिएको छ । चौतर्फी विरोधका बाबजुद श्रीलंकका गोताबाय राजापाक्षेले पाँच सातापछि दोस्रोपटक आज फेरि संकटकाल घोषणा गरेका हुन् । राजापाक्षको राजीनामा माग्दै विभिन्न ट्रेड युनियनले देशव्यापी हड्ताल गरिरहेका छन् ।

राष्ट्रपतिले भने सार्वजनिक व्यवस्था सुनिश्चित गर्न राष्ट्रपतिले थप कडा कानुनको आह्वान गरेका छन् । स्वतन्त्रतापछि श्रीलंका सबैभन्दा ठूलो आर्थिक संकटबाट गुज्रिरहेको छ । श्रीलंकामा विदेशी मुद्राको अभावमा खाद्यान्न र इन्धनको चरम अभाव भएको छ । कोरोना महामारीका कारण श्रीलंकाको अर्थतन्त्र धराशयी भएको बताइन्छ ।

# एसियाली खेलकुदका लागि तेक्वान्दोका थप २० खेलाडी छनोट



चीनको हाङझावमा हुने १९ औं एसियाली खेलकुदका लागि तेक्वान्दो खेलाडीको प्रारम्भिक छनोट प्रतियोगिताको दोश्रो तथा अन्तिम दिन शनिबार थप २० खेलाडी पहिलो चरणलाई छनोट भएका छन् । पहिलो दिन शुक्रबार २४ खेलाडी छनोट भएका थिए । कुल ४४ खेलाडीको छनोट गरिएको छनोट समितिका संयोजक समेत रहेका तेक्वान्दोका मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठले जनाएका छन् ।

प्रत्येक तौलसमूहमा शीर्ष तीन स्थान हात पार्ने खेलाडी प्रारम्भिक छनोटमा परेका हुन् । पुरुष ६८ केजीमुनि नेपाल प्रहरीका वीरबहादुर महरा, नेपाल आर्मीका सगुन श्रेष्ठ तथा बाग्मती प्रदेशका रोहित महर्जन र रन्जित साउद छनोट भए ।


पुरुष ६३ केजीमुनि प्रहरीका गोविन्दबहादुर आले, मधेश प्रदेशका विक्रान्त डंगोल, बाग्मतीका रोजिन बमजन र एपीएफका मोहम्मद रफिक छानिए । ८० केजीमाथि आर्मीका भुपेन श्रेष्ठ, एपीएफका निरज देउवा, बाग्मतीका मिलनकुमार बलामी र लुम्बिनी प्रदेशका आशुतोष बराल छनोट भए । एकल पुम्सेको पुरुषमा प्रहरीका कमल श्रेष्ठ, प्रहरीकै जितबहादुर बोट, आर्मीका कृष्णबहादुर तामाङ र प्रहरीका प्रेमबहादुर लिम्बू प्रारम्भिक छनोटमा अटाए । सो स्पर्धाको महिलामा प्रहरीकी पार्वती गुरुङ, प्रदेश १ की स्वस्तिका तामाङ, प्रदेश १ की सुशिला राई र आर्मीकी प्रशंसा क्षेत्री छानिए ।

श्री
निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
मकवानपुर

**आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।**

**लुम्बनाथ पोखरेल**
**प्रदेश निर्वाचन अधिकारी**

# देशभर थपिए १४ जना कोरोना संक्रमित



काठमाडौं/देशभर थप १४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । शनिबार १४ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । दुई हजार ७१६ जनाको परीक्षण गर्दा सो संख्यामा संक्रमित थपिएका हुन् । एक हजार ४२० जनाको पिसिआर र एक हजार २९६ जनाको एन्टिजेन परीक्षण गरिएको थियो । २१ जना उपचारपछि निको भएर डिस्चार्ज भएका छन् । देशभर २०५ जना सक्रिय संक्रमित रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ ।

# ३० प्रतिशत खेतीयोग्य जमिनमा मात्रै सिँचाइ



काठमाडौं/नेपालमा ३० प्रतिशत खेतीयोग्य जमिनमा मात्रै सिँचाइको व्यवस्भएको तथ्यांक सार्वजनिक गरिएको छ ।

नेपाल कृषि अनुसन्धान परिषदले आफ्नो ३१ औं वार्षिकोत्सवको अवसर पारेर शनिबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा जो जानकारी गराइएको हो ।

सिँचित जमिन कम भएकाले पनि खाद्यन्नको उत्पादन गर्न सहज अवस्था नरहेको परिषदका कार्यकारी निर्देशक डा. दीपक भण्डारीले बताए । उनले नेपालमा धान, गहुँ र मकैको उत्पादन बढाउन सिँचाइ, मल र प्रविधिको उचित व्यवस्था गर्न ढिलाई गर्न नहुने पनि स्पष्ट पारे । कार्यकारी निर्देशक भण्डारीले सिँचाइका लागि छुट्टयाएको बजेट तटबन्ध निर्माणमा खर्च हुँदा खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्था गर्न नसकिएको बताए । उनले भने, 'अहिले ३० प्रतिशत जग्गामा मात्रै सिँचाई छ । सिंचाई मन्त्रालयमा जाने पैसा सिँचाइको एरिया बढाउन होइन तटबन्ध निर्माणमा खर्च हुन्छ । यो साल तटबन्ध बनाउने अर्को साल भत्काउनमा मात्रै पैसा खर्च हुने भएकाले सिँचाईको एरिया बढाउने काममा समस्या छ । सिँचित जमिन नबढाई उत्पादन बढाउन सकिँदैन । उत्पादन बढाउनका लागि मल र प्रविधिको पनि उचित व्यवस्था गर्नुपर्ने हुन्छ ।'

परिषदले हालसम्म ८० वटा बस्तुबालीका ७२३ जातहरु विकास गरी कृषकको खेतवारीमा पुगेको पनि जनाएको छ । त्यसैगरी माटोको डिजिटल नक्सांकन सार्वजनिक गरिएको, सुन्तला, जुनार र कागतीलाई चिस्यान कोठामा तीन महिनासम्म भण्डारण गर्न सकिने प्रविधि भित्र्याउने प्रस्तावलाई अघि बढाएको पनि परिषदका कार्यकारी निर्देशक भण्डारीले बताए ।

www.sajhakuranews.com
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
साझाकुरा

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कृष्ण आदर्शमा प्रतिष्पर्धामार्फत ७५ जनालाई छात्रवृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ कृष्ण आदर्श इंग्लिस बोर्डिङ स्कूलले नयाँ शैक्षिक सत्रदेखि छात्रवृतिको योजनामा परिवर्तन गरेको छ ।

चालू शैक्षिक सत्रमा कक्षा ५ देखि ९ कक्षासम्मका विद्यार्थीका लागि आकर्षक छात्रवृत्तिको योजना ल्याइने भएको छ । हेटौंडा-९ मा रहेको कृष्ण आदर्श इंग्लिस बोर्डिङ स्कूलले १०० पूर्णाङ्कको वस्तुगत परीक्षामा कम्तिमा ५० प्रतिशत अंक ल्याउने विद्यार्थीले छात्रवृत्ति योजनामा भाग लिन पाउने भएका छन् ।




बोर्डिङमा करिब ६ सय जना विद्यार्थी पढ्ने छन् । कृष्ण आदर्शले विद्यालयमा अध्ययनरत वा अन्य विद्यालयबाट आउने विद्यार्थीलाई वर्षभर ५ प्रतिशत मात्र शुल्क लिएर छात्रवृत्तिमा अध्ययन गर्ने अवसर प्रदान गर्न लागेको हो ।

छात्रवृत्तिको लागि आगामी जेठ ७ गते शनिबार प्रवेश परीक्षा लिइनेछ । छात्रवृत्ति परीक्षामा ७५ प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थी छात्रवृत्तिका लागि योग्य हुनेछन् । ५ कक्षादेखि ९ कक्षासम्मका १५/१५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ । एउटै कक्षामा ७५ प्रतिशत बढी अंक ल्याउने विद्यार्थी संख्या १५ जना भन्दा बढी भएमा मेरिटको आधारमा छनौट गरिन्छ । छात्रवृत्तिको योजनासहित शनिबारबाट विद्यालयले भर्ना कार्यक्रम सुरु गरेको छ ।

शनिबार गत वर्षको नतिजा प्रकाशन, पुरस्कार वितरण कार्यक्रमका साथ भर्ना अभियानसमेत सुरु गरिएको विद्यालयका प्रिन्सिपल नवीन केसीले जानकारी दिए । नतिजा प्रकाशनका साथ विद्यार्थी तथा अभिभावकको स्वास्थ्यलाई समेत मध्येनजर सुगर, प्रेसरको परीक्षणसहित फिजियोथेरापी शिविरसमेत सञ्चालन गरिएको थियो । शिविरमा विद्यार्थी अभिभावकसहित स्थानीयलेसमेत गरी २५० जनाले सेवा लिएको प्रिन्सिपल केसीले बताए । अब हरेक महिना फरक फरक स्वास्थ्य समस्याको पहिचान साथै उपचार गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेसमेत उनले बताए ।

# प्रतिस्पर्धी र बागीको प्रचार गर्नेलाई कारबाही

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ नेपाली कांग्रेस मकवानपुरले प्रतिस्पर्धी उम्मेदवारहरुलाई सहयोग गर्ने पार्टीका नेता, कार्यकर्तालाई कारबाही गर्ने चेतावनी दिएको छ ।

स्थानीय तहको निर्वाचनमा प्रतिस्पर्धी दलका उम्मेदवारको प्रचार गर्ने आफ्ना क्रियाशील सदस्यलाई नेपाली कांग्रेस मकवानपुरले कारवाही गर्ने चेतावनी दिएको हो ।

प्रतिस्पर्धी पार्टीको उम्मेदवारको सामाजिक सञ्जालमा प्रचारप्रसार गरिरहेको पाइएको भन्दै त्यस्तो कार्य बन्द गर्न चेतावनी दिँदै प्रचारप्रसार नगरे विधानअनुसार कारवाही गर्ने कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुनप्रसाद चौलागाईले जानकारी दिएका छन् । शनिबार पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरेर कांग्रेस मकवानपुरका प्रवक्ता चौलागाईले कांग्रेसका बागी उम्मेदवारलाई पनि पार्टीको आधिकारिक उम्मेदवार र गठबन्धनको उम्मेदवारलाई सहयोग गर्न निर्देशन दिइएको बताए ।

पार्टीको नीति, निर्देशनविपरित कार्य गरे अनुशासन समितिले कारवाही गर्ने नेपाली कांग्रेस मकवानपुर जिल्ला अनुशासन समितिका संयोजक प्रभातकुमार दाहालले जानकारी दिए ।

कांग्रेसबाट कतिपय वडामा बागी उम्मेदवार उठेका छन् । बागी उम्मेदवारलाई जिताउन पार्टीकै सदस्यहरु लागेको पाइएको छ ।

# गठबन्धनको पक्षमा देखिए अधिकारी

साझाकुरा संवाददाता



हेटौंडा, २४ वैशाख/ राप्रपा परित्याग गरी स्वतन्त्र बस्ने घोषणा गरेका मधु अधिकारीले २४ घण्टा पनि बित्न नपाई निर्णय परिवर्तन गरेका छन् ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै राप्रपा परित्याग गरेको घोषणा गरेका अधिकारी शनिवार सत्ता साझेदार पाँच दलीय गठबन्धनको पक्षमा उभिएका हुन् ।

तीन दशक लामो राष्ट्रिय प्रजातन्त्र पार्टीको यात्रा त्यागेका उनले हेटौंडामा गठबन्धनका उम्मेदवारलाई जिताउन अपिल गरेका हुन् । उनै अधिकारी पनि राप्रपाबाट आसन्न निर्वाचनमा मेयर पदका उम्मेदवार उठ्ने तयारी गरेका थिए । राप्रपाबाटै दिपक सिंहले अधिकारी भन्दा अगाडि नै उम्मेदवारी दर्ता गराएपछि उनी रुष्ट भएका थिए । मेयरको उम्मेदवार हुन नपाएपछि राप्रपा छोडेका अधिकारी बाम-लोकतान्त्रिक गठबन्धनको पक्षमा खुलेका हुन् ।

हेटौंडा-४ मा भएको बाम लोकतान्त्रिक गठबन्धनको कोणसभामा बोल्दै अधिकारीले एमालेलाई हराउनु पर्ने बताएका थिए । '२० वर्ष हेटौंडामा केही नगरेको एमालेलाई यसपटक हराइदिनुहोस्, गठबन्धन राष्ट्रिय आवश्यकता भएकाले जित्न जरुरी छ ।,' अधिकारीले भने । उनले एमालेको बदमासीविरुद्ध गठबन्धन जरुरी भएको दावी गरेका थिए । अधिकारीले राप्रपाबाट हेटौंडामा मेयरका उम्मेदवार दिपक बहादुर सिंहलाई पनि कटाक्ष गरेका थिए । पार्टी बनाउन आफू लागेको भन्दै अधिकारीले अवसर लिनेहरु फेरि सामन्तवादकै अनुहार दोहोरिएको प्रतिक्रिया दिए ।

# दलित महिला वडा सदस्यको मृत्यु



खोटाङ/खोटाङमा दलित महिला वडा सदस्यको मृत्यु भएको छ । रक्तचापको समस्याले हलेसी तुवाचुङ नगरपालिका-४ बडहरेकी ४९ वर्षीय कमला परियारको मृत्यु भएको हो ।

उनी २०७४ सालको स्थानीय तहको निर्वाचनमा एमालेबाट दलित महिला वडा सदस्यमा निर्वाचित भएकी थिइन् । रक्तचापले बेहोस अवस्थामा स्वास्थ्य संस्थामा पुर्‍याएलगत्तै परियारको मृत्यु भएको एमाले हलेसी तुवाचुङ नगर कमिटि अध्यक्ष डिल्ली चाम्लिङले जानकारी दिए ।

२०३० सालमा जन्मिएकी परियार एमाले नगर कमिटी सदस्य तथा अनेमसंघ जिल्ला कमिटी सदस्य थिइन् । उनका श्रीमानसहित तीन छोरा र दुई छोरी छन् । -साभार: रातोपाटी

# मकवानपुरगढीमा शिवाकोटी सहायक निर्वाचन अधिकृत

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ निर्वाचन कार्यालय मकवानपुरगढीको सहायक निर्वाचन अधिकृतमा मदन शिवाकोटी गएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय, मकवानपुरले सहायक निर्वाचन अधिकृतमा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन अधिकृत शिवाकोटीलाई पठाएको छ ।

यसअघिका सहायक निर्वाचन अधिकृत पुडासैनीलाई कार्यालयले हटाएको हो । पुडासैनीले सामाजिक सञ्जालबाट एउटा दलको प्रचारप्रसार गरेको भन्दै कार्यालयले पदबाट हटाएको हो । पुडासैनी, गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतसमेत हुन् । उनले आफ्नो फेसबुक ह्याग गरेर दलको प्रचार गरेको दावी गरेका छन् । आफूलाई फेसबुकबाट दलको प्रचार भएको बारे थाहा नभएको बताएका थिए ।

पुडासैनीले सामाजिक सञ्जालमा एमालेको प्रचारप्रसार गरेको कारण पदबाट हटाउन मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिइएको मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले बताए । पुडासैनीले प्रचारप्रसारमा संलग्न भएपछि गठबन्धनका दल नेपाली कांग्रेसका गाउँपालिका सभापति राजविर मुक्तान र नेकपा माओवादी केन्द्रका अध्यक्ष राजुकमार खड्काले संयुक्त रुपमा सहायक निर्वाचन अधिकृत पदबाट निष्कासन गर्न मकवानपुरगढीको निर्वाचन अधिकृत नारन प्रसाद पोखरेललाई पत्र दिएका थिए । उजुरीपछि पोखरेलले पुडासैनीलाई हटाइएको र शिवाकोटीलाई उक्त पदमा राखी कार्य गर्न निर्देशन दिएको बताए ।

# ठूलो परिणामको बरामद लागूऔषध नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित इलाका प्रहरी कार्यालय मनहरीले ठूलो परिमाणको गाँजा र अफिम नष्ट गरेको छ ।

मनहरी खोला किनारमा प्रहरीले सरोकारवालाहरुको बीचमा विभिन्न समयमा बरामद गरेको गाँजा र अफिम नष्ट गरेको हो ।

बरामद भएका ६ क्विन्टल ३७ किलोग्राम गाँजा र ५ किलोग्राम अफिम जलाएर नष्ट गरिएको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिएका छन् ।



मनहरी क्षेत्र लागूऔषध गाँजा र अफिम ओसारपसारका लागि प्रख्यात छ । मनहरी माथि र क्सिराङ, कैलाशमा उत्पादन हुने गाँजा र अफिम राष्ट्रिय राजमार्ग हुँदै भारत तस्करी हुने गर्दछ ।

तस्करीकै क्रममा इप्रका मनहरीले बरामद गरेको लागूऔषध नष्ट गरिएको हो । प्रहरीले कैलाश गाउँपालिका ७ बाट बरामद गरेको अफिम पनि जलाएर नष्ट गरेको छ । ५ किलो अफिम बरामद गरी प्रहरीले ठूलो सफलता हात लागेको बताएको छ । उक्त घटनामा दुईवटा मोटर साइकलहरु पनि नियन्त्रणमा लिइएको छ । घटनामा संलग्न एकजनालाई काठमाडौंबाट पक्राउ गरी हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।





## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
**Phone: 057-520315**

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## Vacancy Announcement

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted Learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. *Vice-Principal*
2. *Coordinators*
   Secondary Level, Basic Level and Pre-primary Level
3. *Secondary & Basic Level Faculty*
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, Health, Physical & Creative arts
4. *School Counselor*
5. *Event Manager*
6. *Secretary to CEO*
7. *ECA Instructor*
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing.
8. *Officers*
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
9. *Assistants: Computer Lab, Computer Operator, Front Desk*
10. *Discipline Staffs*
11. *Drivers: Bus, Van & Tractor ( ड्राइभर )*
12. *Security Guards ( सुरक्षा गार्ड )*
13. *Hostel Staffs: Cook, Helpers, Gardener ( भान्से, सहयोगी र माली )*


**For further details, please visit our website** *www.hetaudaacademy.edu.np/vacancy*

***Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 11, 12 and 13. Preference will be given to well trained and experienced candidates in related areas.***

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at **hr@hetaudaacademy.edu.np** with 2 references and expected salary not later than **7 May 2022.**
Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur,Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
E-mail: info@hetaudaacademy.edu.np






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



*साझाकुरा* खोजी खोजी पढौं । दैनिक रुपमा समाचार पढौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना